# भोटेकोशी गाउँपालिकाको विद्यालय दिवा खाजा व्यवस्थापन  कार्यविधि, २०७९

गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत मिति २०७९।१२।२०

प्रमाणिकरण मिति २०८०।०१।२४

स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार आधारभूत तहसम्मको शिक्षा सङ्घीय सरकारको मापदण्डको आधारमा व्यवस्थापन गर्ने जिम्मेवारी स्थानीय तहको रहेको र आधारभूत तहसम्मको शिक्षालाई गुणस्तरीय निःशुल्क तथा अनिवार्य गराउन प्रत्येक विद्यालयमा नेपाल सरकारबाट प्रारम्भिक बालविकास देखि कक्षा ६ सम्मका बालबालिकाहरूलाई दिवा खाजाको व्यवस्था गरिएको छ । सामुदायिक विद्यालयमा दिवा खाजा कार्यक्रमलाई थप व्यवस्थित र गुणस्तरीय बनाउने उद्धेश्यका साथ भोटेकोशी गाउँपालिकाले दिवाखाजा कार्यक्रममा प्राप्त हुने संघीय अनुदानमा थप ५० प्रतिशत थप रकम विनियोजन गरि कार्यान्वयनमा ल्याइरहेको छ । दिवा खाजा कार्यक्रमलाई सहजीकरण गर्ने उद्देश्यले नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले "सामुदायिक विद्यालयमा दिवा खाजा मापदण्ड तथा सहजीकरण पुस्तिका २०७६ जारी गरेको छ । भोटेकोशी गाउँपालिकाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरी भोटेकोशी गाउँपालिका अन्तर्गतका विद्यालयहरूमा यस कार्यक्रमलाई प्रभावकारी र सुव्यवस्थित रुपमा कार्यान्वयन गर्न भोटेकोशी गाउँ कार्यपालिकाले यो कार्यविधि जारी गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(क) यो कार्यविधिको नाम सामुदायिक विद्यालय दिवा खाजा व्यवस्थापन कार्यविधि,२०७९ रहेको छ ।

(ख) यो कार्यविधि तुरुन्त लागू हुनेछ ।

(ग) यो कार्यविधि दिवाखाजा कार्यक्रम लागु भएका गाउँपालिकाभित्रका सामुदायिक विद्यालयहरुको हकमा मात्र लागू हुनेछ ।

**२. परिभाषा :**

(क) **दिवा खाजा** भन्नाले विद्यालयमा विद्यार्थीहरुका लागि व्यवस्था गरिएको संघीय सरकारको सशर्त अनुदान, गाउँपालिका अन्तर्गत विनियोजित बजेट अनुदान तथा अन्य साभ्फेदार निकायको सहयोगमा विद्यार्थीहरुलाई विद्यालयमै उपलब्ध गराउने नियमित खाजा कार्यक्रम सम्झनु पर्दछ ।

(ख) **गाउँपालिका** भन्नाले भोटेकोशी गाउँपालिका, सिन्धुपाल्चोकलाई सम्झनु पर्दछ  ।

(ग) **साझेदार निकाय** भन्नाले विद्यालय दिवाखाजा कार्यक्रम संग सम्बन्धित कार्यक्रममा वित्तीय, प्राविधिक तथा बस्तुगत सहायता उपलब्ध गराउने गरी गाउँपालिकासंग साझेदारी गरेको सरकारी, निजी तथा गैरसरकरी निकायलाई सम्झनुपर्दछ ।

(घ) **भान्से** भन्नाले विद्यालयमा दिवाखाजा तयारी गर्ने, पस्केर खुवाउने तथा दिवाखाजा व्यवस्थापन संग सम्बन्धित दैनिक कार्य गर्ने व्यक्तिलाई सम्झनुपर्दछ ।

(ङ.) **दिवा खाजा व्यवस्थापन समिति** भन्नाले विद्यालय व्यवस्थापन समितिले तोकेको पदाधिकारीको नेतृत्वमा दिवाखाजा व्यवस्थापनका लागि आवश्यक सहयोग गर्ने उद्धेश्यले गठित समिति सम्झनु पर्दछ ।

**३. उद्धेश्यहरु :**

संघीय सरकारले विद्यालयमा पढ्ने बालबालिकाको शिक्षामा पहुँच, नियमितता, विद्यालय छोड्ने दर घटाउने, गुणस्तर अभिवृद्धि र स्वास्थ्यमा सुधार गर्ने मुख्य उद्धेश्यहरु पुरा गर्ने गरी यस गाउँपालिकाले दिवा खाजा कार्यक्रमको लागि देहाय बमोजिम परिपूरक उद्धेश्यहरु निर्धारण गरेको छ ।

- सामुदायिक विद्यालयमा विद्यार्थीको उपस्थिति नियमित गराउनु
- विद्यार्थीको पोषणको स्थितिमा दिर्घकालिन सुधार ल्याउनु
- विद्यालय बिचमै छोड्ने प्रवृतिमा कमी ल्याउनु
- स्थानीय कृषि तथा पशुपंक्षिजन्य उपजलाई विद्यालय दिवा खाजा कार्यक्रम मार्फत बढावा दिनु
- शैक्षिक गुणस्तर र स्थानीय अर्थतन्त्रमा टेवा पुऱ्याउनु
- विद्यालय दिवा खाजा कार्यक्रमलाई कृषि, स्वास्थ्य, शिक्षा लगायतका क्षेत्रमा एकिकृत रुपमा लैजानु
- दिवा खाजा कार्यक्रमलाई दिगो संस्थागत विकासका लागि आवश्यक क्षमता अभिवृद्धि गर्नु

**४. लक्षित समुह :**

यस गाउँपालिका भित्रका सबै सामुदायिक विद्यालयका विद्यालय तहका सबै बालबालिकाहरु यस कार्यक्रमको लक्षित समुह हुनेछन् ।

**५. पोषण मापदण्ड :**

(क) बालबालिकाका लागि दैनिक आवश्यक पर्ने वृहत र सुक्ष्म पोषक तत्वको मात्रा तपसिल अनुसारको हुनुपर्नेछ ।

| पोषक तत्व | दैनिक आवश्यक पोषक तत्वको मात्रा | दिवाखाजाबाट आपूर्ति हुनुपर्ने पोषक तत्वको मात्रा(३० प्रतिशत) |
|---|---|---|
| **वृहत पोषक तत्व** | | |
| क्यालोरी | १८५० | ५५५ |
| प्रोटिन | ५७ | १७ |
| फ्याट | ४८ | १४ |
| **सुक्ष्म पोषक तत्व** | | |
| आयोडिन(माइक्रोग्राम) | १२० | ३६ |

| | | |
|---|---|---|
| आइरन(मिलिग्राम) | १७०८ | ५ |
| जिंक | ११।२ | ३ |
| भिटामिन ए | ३३ | १० |
| भिटामिन बि | १२ | ४ |

नेपाल सरकारबाट तोकिएको पोषण मापदण्डलाई (दैनिक रुपमा चाहिने बृहत् तथा सुक्ष्म पोषक तत्वहरुका मात्र ३० प्रतिशत दिवा खाजाबाट प्राप्त हुनुपर्दछ ) पूर्णरुपले पालन गर्न देहाय बमोजिमको पोषण मापदण्डको व्यवस्था गरिएको छ ।

| खाद्य सामग्रीको समुह | बाल विकास देखि कक्षा ५ सम्म ( ग्राममा) | कक्षा ५ देखि माथि (ग्राममा) * | कैफियत |
|---|---|---|---|
| अन्न (चामल, गहुं, कोदो, मकै वा अन्य खाद्य बस्तु मिसाएर वा नमिसाएर | ८० | १०० | |
| दलहन(दाल, गेडागुडी वा दाल जन्य खाद्य पदार्थ) | ५० | ६० | |
| हरियो तरकारी | ५० | ७५ | |
| खाने तेल | ५ | ७।५ | |
| पशुजन्य(माछा, मासु, अण्डा, दुध, दहि) | ३० | ४० | हप्तामा एक दिन |
| फलफुल ** | १ वटा | १ वटा | |
| नुन अन्य मसला | आवश्यकता अनुसार | | |

संघीय सरकारको अनुदानबाट कक्षा थप भएको खण्डमा सोही अनुसार गरिने र प्रत्येक वर्ष नियमित रुपमा कार्यक्रम संचालन गरिने छ ।

स्थानीय स्तरमा उत्पादन हुने मौसमी फलफुलहरु स्याउ, सुन्तला, आंप, अम्बा, केरा लगायतका अन्य फलफुलहरुको उपयोगमा जोड दिनु पर्ने छ ।

(ख) सबै सामुदायिक विद्यालयहरुले उल्लेखित खाद्य सामग्रीहरुको न्यूनतम मात्रा अनिवार्य रुपमा पूरा गर्नुपर्नेछ ।

**(६) दिवा खाजाको मेनु :**

तोकिएको पोषण मापदण्ड र खाद्य सामग्रीहरुको मात्राको आधारमा यस गाउँपालिका अन्तर्गतका सबै सामुदायिक विद्यालयहरुका लागि एउटै दिवा खाजाको साप्ताहिक मेनु हुनेछ । मेनुको लागि देहायबमोजिमको व्यवस्था गरिने छ ।

(क) दिवा खाजाको मेनु तयारीको लागि विद्यालयका प्रधानाध्यापकहरुको मेनु तयारी कार्यशाला गोष्ठी मार्फत माथि नियम ५ मा उल्लेख भएको पोषण मापदण्ड र सबै खाद्य समुहहरु समावेश गरी तयार गरिनेछ । मेनु तयारी कार्यशाला गोष्ठीमा आवश्यकता अनुसार विभिन्न विज्ञ तथा सहयोगी निकायको सहयोग लिन सकिनेछ ।

(ख) दिवा खाजाको साप्ताहिक मेनु यस गाउँपालिकाको स्थानीय कृषि उत्पादनमा आधारित हुने वा स्थानीय उत्पादनलाई प्रोत्साहन गर्ने हुनेछ ।

(ग) हिउंद र वर्षा गरी दुई वटा मौषमका लागि अलग अलग मेनुको सेट निर्माण गरी कार्यान्वयन गरिनेछ ।

(घ) प्रत्येक दिनको दिवा खाजा मेनु अलग अलग हुने तथा एक दिनको मेनु गाउँपालिकाका सबै विद्यालयहरुमा एउटै प्रकारको हुने गरी कार्यान्वयन गरिनेछ ।

(ङ.) एक आर्थिक वर्षमा बढिमा १ पटक सम्म मेनुको पुनरावलोकन गरी अद्यावधिक गरिने छ । पहिलो पटकलाई मेनु **अनुसूची ५** अनुसार हुनेछ । मेनु तयारीको लागि पहिलो पटक यस कार्यविधि स्विकृत भए पश्चात मेनु तयारी कार्यशाला गोष्ठीको आयोजना गरिनेछ ।

(च) मेनु तयारी तथा दिवा खाजा मापदण्ड सम्बन्धि अभिमुखिकरण गाउँपालिकाको आयोजनामा आवश्यकता अनुसार संचालन गरिनेछ ।

**७. पूर्वाधार सम्बन्धी व्यवस्था :**

**क) भान्साकोठा निर्माण :**

गाउँपालिकाले आवश्यकताको आधारमा सामुदायिक विद्यालयहरूलाई भण्डार सहितको भान्साकोठा निर्माण गर्न आर्थिक सहयोग गर्न सक्नेछ । प्रत्येक वडाको सिफारिसमा एकपटक देहाय बमोजिमको अनुदान रकम उपलब्ध गराउन सक्नेछ । उपलब्ध गराईएको अनुदानमा विद्यालयको समन्वयमा विभिन्न साझेदार निकाय, वडा कार्यालय, संघसंस्थाबाट रकम थप गरि निर्माण कार्यलाई थप प्रभावकारी, दिगो बनाउनको लागि पहल गर्नुपर्ने छ ।

(क) विद्यार्थी संख्या ७५ जनासम्म भएको विद्यालयलाई रु.५०,००० वा निर्माण सामग्री,

(ख) विद्यार्थी संख्या ७६ देखि १५० जनासम्म भएको विद्यालयलाई रु.६०,००० वा सो बराबरको निर्माण सामग्री,

(ग) विद्यार्थी संख्या १५१ देखि २५० जनासम्म भएको विद्यालयलाई रु.१,००,००० वा सो बराबरको निर्माण सामग्री,

(घ) विद्यार्थी संख्या २५० जनाभन्दा बढी भएको विद्यालयलाई रु. १५०,००० वा सो बराबरको निर्माण सामग्री ।

(ङ) गाँउपालिकाले उपलब्ध गराएको अनुदान रकम वा सामग्री नपुग वि.व्य.स.ले स्थानीय समुदाय, अभिभावक, दाता, अन्य संस्थाहरूको सहयोगमा भण्डार सहितको भान्सा निर्माण गर्न सक्नेछन् ।

(च) भण्डार सहितको भान्साकोठा निर्माण गर्दा ‘‘सामुदायिक विद्यालयमा दिवा खाजा मापदण्ड तथा सहजीकरण पुस्तिका, २०७६“ मा तोकिएको ढाँचामा मात्र निर्माण गर्नु पर्नेछ । यस कार्यमा स्थानीय निर्माण सामग्रीहरूको बहुप्रयोग, अभिभावकहरुको जनसहभागितालाई अनिवार्य गरिनेछ ।

छ) खाजा तयारीका लागि आवश्यक पर्ने भान्सा निर्माणको लागि कुनै दातृ निकायले सहयोग गरेमा निर्माण लागत अनुदानमा फेरबदल हुन सक्नेछ । साथै तोकिएको ढांचामा कार्य सम्पन्न गर्नुपर्नेछ ।

**८. भान्सामा प्रयोग हुने सामग्रीहरू (पकाउने र खाने भाँडा वर्तन):**

पालिकाले सबै सामुदायिक विद्यालयहरूलाई दिवा खाजा तयार गर्न र खुवाउन आवश्यक न्युनतम् सामग्री व्यवस्थापन आवश्यकताको आधारमा १ पटक देहाय बमोजिमको अनुदान उपलब्ध गराउन सक्नेछ । दिवा खाजा व्यवस्थापनका लागि आवश्यक पर्ने गैर खाद्य सामग्री(भांडावर्तन, चम्चा, पिलेट) पहिले नै उपलब्ध गराइसकिएको वा उपलब्ध भएको भए विद्यार्थी संख्या थप भएको आधारमा मात्र गरिने व्यवस्था गरिने छ ।

(क) विद्यार्थी संख्या ७५ जनासम्म भएको विद्यालयलाई रु.१०,००० वा सो बराबरको भान्साका सामग्रीहरूको एक सेट,

(ख) विद्यार्थी संख्या ७६ देखि १५० जना भएको विद्यालयलाई रु.१५,००० वा सो बराबरको भान्साका सामग्रीहरूको एक सेट

(ग) विद्यार्थी संख्या १५१ देखि २५० जना भएको विद्यालयलाई रु.२०,००० वा सो बराबरको भान्साका सामग्रीहरूको एक सेट

(घ) विद्यार्थी संख्या २५० जनाभन्दा बढी भएको विद्यालयलाई रु.२५,००० वा सो बराबरको भान्साका सामग्रीहरूको एक सेट ।

यसरी विद्यालयले भान्साका सामग्रीहरू व्यवस्थापन गर्दा ‘‘सामुदायिक विद्यालयमा दिवा खाजा मापदण्ड तथा सहजीकरण पुस्तिका, २०७६ मा तोकिएको विद्यार्थी संख्याको आधारमा चाहिने न्यूनतम भान्साका सामग्रीहरूको व्यवस्था गर्न पर्ने ।

**९. चुलो र ईन्धनको व्यवस्थापन :**

(क) विद्यालयहरूले दिवा खाजा तयार गर्न सुधारीएको चुलो र इन्धनको व्यवस्थापन आफै गर्नुपर्ने छ ।

(ख) विद्यालयहरूले सङ्घीय सरकारले तोकेको रकम खाद्य सामाग्रीहरू खरीद गर्न र भान्सेका लागि खर्च गरी बाँकी रहेको रकमबाट चुलो र इन्धनको व्यवस्थापन गर्नु पर्नेछ ।

(ग) नपुग रकम वि.व्य.स.ले स्थानीय तह, प्रदेश सरकार, अभिभावक वा अन्य दाताहरूबाट सहयोग जुटाउन सक्नेछ ।

(घ) विद्यालयले खाजा तयारीको लागि इन्धनको रुपमा एल. पी. जी. ग्याँस चुलो प्रयोग गर्नुपर्नेछ । दाउराको चुल्हो प्रयोग गर्नुपर्ने भएमा " सामुदायिक विद्यालयमा दिवा खाजा मापदण्ड तथा सहजीकरण पुस्तिका, २०७६" मा तोकिए अनुसारको सुरक्षित, धुवाँ रहित र वातावरणमैत्री हुनुपर्नेछ । पालिकाले विद्यालयहरूमा यस्तो चुलो निर्माणको लागि नेपाल सरकारको सम्बन्धित निकाय, वैकल्पिक ऊर्जा प्रबर्द्धन केन्द्र वा यसले तोकेको संस्थासँग सहकार्य गरी आवश्यक सहयोग गर्न सक्नेछ ।

**१०. खानेपानी तथा सरसफाई :**

(क) दिवा खाजा तयारी तथा व्यवस्थापनका लागि सफा, स्वच्छ खानेपानीको प्रयोग गर्नुपर्नेछ ।

(ख) शुद्ध खानेपानीको व्यवस्थापनका लागि विद्यालय परिसरमा धारा, टयांकीको व्यवस्थापन नभएको खण्डमा वडा मार्फत गाउँपालिकामा अनुरोध गर्न सकिनेछ ।

(ग) खानेपानी प्रशोधनका विभिन्न उपायहरु को उपयोग गरी शुद्ध खानेपानी प्रयोगको सुनिश्चितता गर्नुपर्ने छ ।

**१०. दिवा खाजाको लागि खाद्य सामग्री खरिद :**

दिवा खाजा कार्यक्रमका लागि यस पालिकामा खाद्य सामग्रीहरूको खरिद देहाय बमोजिम हुनेछ

(क) दिवा खाजाको लागि चाहिने खाद्य सामग्रीहरुको खरिद सङ्घीय सरकारले तोकेको मोडेलहरू मध्येको विद्यालय केन्द्रित बाह्य स्रोत मोडेलबाट हुनेछ । विद्यालय वा पालिकाको काबु बाहिरको परिस्थिती भएको खण्डमा विद्यालयले मोडल परिवर्तन गर्नको लागि पालिकासंग पूर्व स्विकृति लिनु पर्ने छ । तोकिएको मोडलमा खाद्य सामग्री खरिद तथा आपुर्ति प्रक्रिया नभएको विद्यालयहरुलाई अनुदान उपलब्ध गराउन पालिका बाध्य हुनेछैन ।

(ख) पालिका अन्तर्गतका विद्यालयहरुमा आवश्यक पर्ने खाद्य सामग्रीहरुको विद्यार्थी संख्या र साप्ताहिक मेनुको आधारमा कम्तिमा ३ महिनाको एकमुष्ट परिमाण तय गरिनेछ । तयार गरिएको परिमाणको आधारमा विद्यालयले यस अन्तर्गत पालिकाले विद्यालयले पालिकाबाट पहिचान/सुचिकृत भएको महिला वा कृषि सहकारी, कृषक समूह वा अन्य आपूर्तिकर्तासँग सम्झौता गरि खाद्य सामग्री खरिद तथा आपूर्ति गर्नेछ ।

(ग) माथि (ख) मा उल्लेखित जोसुकै आपूर्तिकर्ता भए पनि दिवा खाजाका लागि चाहिने प्रायः सबै खाद्य सामग्रीहरू (स्थानीय स्तरमा उत्पादन नहुने बाहेक) स्थानीय स्तरमा उत्पादन भएको हुनुपर्छ । विद्यालय र तोकेको सहकारी

तथा अन्य आपूर्तिकर्ता संग सम्झौता तयारी, अभिमुखिकरण लगायतका क्षेत्रमा पालिकाले आवश्यक सहयोग गर्नेछ । तोकिएको सम्झौता अवधिमा ५०% भन्दा कम मूल्य बराबरको स्थानीयस्तरमा उत्पादित खाद्य सामग्रीहरू आपूर्ति भएमा विद्यालयले यस्तो आपूर्ति कर्तासँग खरिद सम्झौता नवीकरण गर्ने छैन र सोको जानकारी पालिकामा गराउनुपर्ने छ ।

(घ) आपुर्तिकर्ताले तोकिएको मापदण्ड र परिमाणमा गुणस्तरीय खाद्यबस्तुहरु उपलब्ध गराएको सुनिश्चितता विद्यालयले गर्ने छ । खाद्य सामग्री खरिद तथा आपुर्तिको मोडल गाउँपालिकाबाट आवश्यकता अनुसार परिवर्तन गर्न सक्नेछ । तोकिएको मापदण्ड अनुसार बस्तुगत सहायता उपलब्ध भएको खण्डमा तोकिए अनुसार व्यवस्थापन गर्न सकिने छ ।

(ङ) माथि जुनसकै कुरा उल्लेख गरिएको भएता पनि गाउँपालिकाले सहयोग गरेको वा विद्यालयले नै प्रवर्धन गरेको टनेल खेती वा अन्य सामुहिक खेतीबाट उत्पादित वा उत्पादन हुन सक्ने बस्तुहरुको एकमुष्ट परिमाण घटाई थप परिमाण आवश्यक भएको खण्डमा मात्र आपुर्तिकर्ता संग सम्झौता गर्न सक्ने छ ।

नोटः कार्यविधि जारी गरेको बखत विद्यालय केन्द्रित खरिद मोडल कार्यान्वयन भएको खण्डमा गाउँ कार्यपालिकाले निर्णय गरेपश्चात माथि उल्लेखित मोडल कार्यान्वयन गरिने छ। विद्यालय केन्द्रित आन्तरिक खरिद मोडल कार्यान्वयन भइरहेको अवस्थामा पनि माथि खण्ड १० मा उल्लेखित प्रावधानहरुको कार्यान्वयन गर्नुपर्ने छ ।

### ११. दिवा खाजा तयारी तथा वितरण सम्बन्धी व्यवस्थाः

विद्यालय संचालन भएको (परीक्षाको समयमा समेत) यस गाउँपालिका अन्तर्गतका विद्यालयहरूले दिवा खाजा विद्यालयमै तयार गरी विद्यार्थीलाई उपलब्ध गराइनेछ। प्रत्येक दिन ११ बजे सम्म उपस्थिती विद्यार्थी संख्या विवरण खाजा तयारी मा सहयोग गर्ने भान्से वा स्वयंसेवकलाई जानकारी दिनुपर्ने छ । दिवाखाजा तयारी तथा वितरण सम्बन्धि अन्य व्यवस्था देहाय बमोजिम गर्ने छन् ।

(क) विद्यार्थी संख्या ७५ जना भन्दा कम भएका विद्यालयले तोकिएको विद्यालय खाजा व्यवस्थापन समिति वा वि.व्य.स.ले विद्यालयको विद्यमान परिचर वा स्वयंसेवक (आमाहरूलाई प्राथमिकता दिई भान्छे परिचालन गर्ने । यस कार्यमा प्राथमिक तहमा कार्यरत शिक्षकहरूले पनि शिक्षण कार्यलाई प्रभाव नपर्ने गरी सहजीकरण गर्नेछन् ।

(ख) विद्यार्थी संख्या ७६ देखि १५० जनासम्म भएका विद्यालयमा आवश्यकता अनुसार स्वयंसेवक भान्छे (आमाहरूलाई प्राथमिकता दिई परिचालन गर्ने । यस कार्यमा प्राथमिक तहमा कार्यरत शिक्षकहरूले पनि सहजीकरण गर्नेछन् ।

(ग) विद्यार्थी संख्या १५१ जनाभन्दा वढी भएका विद्यालयले तोकिएको विद्यालय खाजा व्यवस्थापन समिति वा वि.व्य.स.ले विद्यालयको विद्यमान परिचरमध्ये एक जना वा स्वयंसेवक भान्छेहरू (आमाहरूलाई प्राथमिकता दिई परिचालन गर्ने । यस कार्यमा प्राथमिक तहमा कार्यरत शिक्षकहरूले पनि सहजीकरण गर्नेछन् ।

(घ) दिवा खाजा तयार गर्ने भान्छे स्वयंसेवक वा विद्यालयमा कार्यरत कर्मचारी भएपनि उनीहरूको परिश्रमको सम्मान गर्न वि.व्य.स.ले केही रकम उपलब्ध गराउन सक्नेछ ।

(ङ) सुरक्षाको दृष्टिले प्रत्येक दिन सबैभन्दा पहिले खाजा तयार गर्ने भान्छे र प्रधानाध्यापक वा फोकल शिक्षकले तयार भएको खाजा चाखेर रुजु गरेपछि मात्र वितरण गर्नु पर्नेछ ।

(च) दिवा खाजा वितरण शिक्षकहरूको उपस्थिति तथा सहयोगमा मात्र हुनेछ । खाजा वितरण गर्दा शुरुमा सबभन्दा सानो कक्षादेखि शुरु गरी क्रमशः माथिल्लो कक्षाहरूका विद्यार्थीहरूलाई वितरण गर्नु पर्नेछ ।

**१२. दिवा खाजाको लागि रकम निकासाः**

गाउँपालिकाबाट दिवा खाजा व्यवस्थापनका लागि नगद तथा जिन्सी निकासा देहाय बमोजिम गर्नेछ ।

(क) भोटेकोशी गाउपालिकाबाट स्विकृत वार्षिक कार्यक्रम र सङ्घीय सरकारबाट प्राप्त विद्यार्थी भर्ना अनुसारको विनियोजन भएको रकम विद्यार्थी हाजिरी रुजु तथा प्रमाणित गरी प्रत्येक विद्यालयको खातामा निकासा गरिने छ । विद्यालयले निकासाका लागि **अनुसूची १** बमोजिमको माग फाराम भरी गाउँपालिकाको शिक्षा शाखामा पेश गर्नु पर्ने छ ।

(ख) भण्डारण सहितको भान्साकोठाको लागि रकम विनियोजन भएको खण्डमा रकम निकासाका लागि विद्यालयले तोकिएको ढाँचा अनुसारको भान्साकोठा निर्माणको लागत अनुमान स्वीकृत गरी सोका लागि आवश्यक स्रोत पहिचान गरी नपुग रकमका लागि वडा कार्यालयको सिफारिस सहित गाउँपालिकामा निवेदन पेश गर्नु पर्नेछ ।

(ग) शिक्षा शाखाले उपरोक्त निवेदन रुजु गरी तोकिएको रकम वा सामग्रीको निकासाको सिफारिस गर्नेछ ।

(घ) विद्यालयले भान्साका सामग्रीहरूको लागि पनि तोकिएको मापदण्ड अनुसारको आवश्यक खर्च लागत अनुमान गरी सो खर्चको लागि आवश्यक नपुग रकम वडा कार्यलयको सिफारिस सहित गाउँपालिकामा निवेदन पेश गर्नु पर्नेछ र सो निवेदनका आधारमा गाउँपालिकाले निकासा गर्नेछ ।

१३. (क) गाउँपालिका भित्रका सामुदायिक विद्यालयहरूमा दिवा खाजा व्यवस्थापन गर्ने जिम्मेवारी गाउँ शिक्षा समिति र विद्यालयमा वि.व्य.स.लाई नै हुनेछ । यस कार्यका लागि आवश्यकतानुसार उपसमितिहरू गठन गरी परिचालन गर्न सकिनेछ । पालिका स्तरमा दिवा खाजा व्यवस्थापन सहजिकरण २०७६ मा उल्लेख गरिए अनुसार तपसिल अनुसारको बहुसरोकारवाला निर्देशक समिति रहने छ ।

| | |
|---|---|
| क) गाउँपालिकाको अध्यक्ष | संयोजक |
| ख) गाउँपालिकाको उपाध्यक्ष | सदस्य |
| ग) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |

घ) सामाजिक विकास समितिका संयोजक सदस्य

ङ) गाउँपालिकाको स्वास्थ्य शाखा प्रमुख सदस्य

च) गाउँपालिका शिक्षा अधिकृतवाट मनोनित प्र.अ.हरु मध्येबाट २ जना सदस्य

छ) गाउँपालिका शिक्षा अधिकृत सदस्य सचिव

(ख) दिवा खाजा व्यवस्थापन गाउँपालिका स्तरीय निर्देशक समितिको काम कर्तव्य र अधिकार

क) दिवा खाजा कायक्रम सञ्चालन गर्ने विद्यालयहरुलाई निर्देशन दिने ।

ख) प्रस्तुत दिवा खाजा कार्यक्रम सञ्चालन कार्यविधि कार्यान्वयन गर्ने, सहजिकरण र नियमनको कार्य गर्ने ।

ग) विद्यालय दिवा खाजा कार्यक्रमको अनुगमन, व्यवस्थापन गर्ने ।

घ) विद्यालय दिवा खाजा कार्यक्रम सञ्चालनको क्रममा विद्यालयहरुमा समाधान हुन नसकेका समस्याहरुको समाधानका लागि आवश्यक कार्य गर्ने ।

ङ) विद्यालय दिवा खाजा कार्यक्रम सुचारु रुपमा सञ्चालन गर्न अन्य आवश्यक व्यवस्था मिलाउने ।

च) दिवा खाजा कार्यक्रमको आवधिक रुपमा समिक्षा गर्ने

१४. यस गाउपालिका अन्तर्गतका सबै विद्यालहरूले वि.व्य.स. को अगुवाईमा दिवा खाजा व्यवस्थापन तथा कार्यन्वयनमा सहयोग जुटाउन विद्यालयमा अध्ययनरत बालबालिकाका अभिभावक तथा आमाहरूको सूची र समूह बनाउने छ । यी समूहहरूले पालैपालो विद्यालयमा दिवा खाजाका लागि खरिद भएको खाद्य सामग्रीहरूको परीक्षण गरी सुझाव दिने, सफा गर्ने, खाजा तयारी, वितरण, सरसफाई तथा फोहोर व्यवस्थापन जस्ता कार्यहरूमा सहयोग तथा अनुगमन गर्नेछ ।

१५. विद्यालय व्यवस्थापन समिति (वि.व्य.स.) ले विद्यालयका अभिभावक र आमा समूहहरूसँगको सल्लाह र सहयोगमा दिवा खाजा व्यवस्थापनका लागि निम्न कार्यहरू गर्ने गराउने छ ।

(क) गाउँपालिकाले दिवा खाजाका लागि तोकेको न्यूनतम मापदण्ड र आवश्यक पूर्वाधारहरूको व्यवस्थापन गर्न ।

(ख) दिवा खाजाको न्यूनतम मापदण्ड र पूर्वाधारहरूको व्यवस्थापनका लागि आवश्यक आर्थिक तथा जिन्सी स्रोत व्यवस्थापनका लागि वडा कार्यालय, गाउँपालिका लगायत अन्य निकाय र दाताहरूसँग सहकार्य गर्न ।

(ग) गाउँपालिकाले दिवा खाजाका लागि तोकेको मेनु र अन्य पोषणका लागि आवश्यक खाद्य सामग्रीका लागि अनुसूची २ अनुसारको खरिद योजना तयार गर्न ।

(घ) खरिद योजना अनुसार गाउँपालिकाले पहिचान गरेका कृषि सहकारी, अन्य सहकारी वा कृषक समूहहरूसँग आवश्यक परिमाण सहितको खाद्य सामग्रीको खरिद तथा आपुर्तिको लागि अनुसूची ३ अनुसारको ढाँचामा सम्झौता गर्न ।

(ङ) अभिभावक तथा आमा समूहलाई तोकिएको कार्यको लागि रुटिन अनुसार परिचालन गर्न ।

(च) दिवा खाजाका लागि तोकिएको मापदण्ड अनुसारको रकम वा अन्य स्रोतहरू खोजी र निकासा गर्न

(छ) खाद्य सामग्री आपूर्तिकर्तालाई तोकिएको समयमा रकम उपलब्ध गराउन ।

(ज) आवश्यकता अनुसार स्वयंसेवक भान्से छनोट र परिचालन गर्न ।

(झ) अत्यावश्यक भएकोमा विद्यालय दिवा खाजा व्यवस्थापन समिति गठन गरी परिचालन गर्न ।

(ञ) गाउँपालिका र अन्य निकायबाट प्राप्त सुझाव र निर्देशनहरू कार्यान्वयन गर्न ।

१६. यस गाउँपालिका अन्तर्गतका वडा कार्यालयहरूको दिवा खाजा कार्यक्रम कार्यन्वयनमा निम्नानुसार

भूमिका हुनेछ ।

(क) दिवा खाजाका लागि आवश्यक पूर्वाधार र अन्य कार्यका लागि स्रोतको पहिचान र परिचालन गर्ने ।

(ख) वडाभित्रका स्वास्थ्य संस्थासँगको समन्वयमा प्रत्येक बालबालिकालाई ६/६ महिनामा जुकाको औषधि खुवाउने विद्यालयलाई आवश्यक सहयोग उपलब्ध गराउने ।

(ग) विद्यालय र गाउँपालिकाविच पुलको काम गरी विभिन्न निकायहरूसँग समन्वय गर्ने ।

(घ) तोकिएको मापदण्ड अनुसारको कार्य भएको नभएको अनुगमन गरी सुधारका प्रयास गर्ने गराउने ।

**१७. शिक्षा, युवा तथा खेलकुद शाखाले** दिवा खाजा कार्यक्रम सञ्चालन, सुपरीवेक्षण र कार्यन्वयनमा देहायका कार्यहरू गर्नु पर्नेछ ।

(क) यस कार्यविधि र गाउँ शिक्षा समितिको निर्णयानुसार गाउँपालिका भित्रका विद्यालयहरूमा दिवा खाजा कार्यक्रमका लागि तोकिएको मापदण्ड र मेनु अनुसार कार्यान्वयन र अनुगमन सुपरीवेक्षण गर्ने ।

(ख) दिवा खाजा कार्यक्रम सञ्चालनका लागि वार्षिक कार्ययोजना तथा बजेट तयार गरी गाउँ शिक्षा समितिबाट अनुमोदन गराई कार्यपालिकामा स्वीकृतिका लागि पेश गर्ने ।

(ग) दिवा खाजा कार्यक्रमका लागि आवश्यक मानव स्रोत तथा कर्मचारी व्यवस्थापनका लागि गाउँपालिका र विद्यालयहरूसँग समन्वय गर्ने ।

(घ) दिवा खाजाका लागि विद्यालयहरूलाई तोकिएको मापदण्ड तथा माग अनुसार सम्बन्धित विद्यालयको बैंक खातामा निकासाका लागि सिफारिस गर्ने ।

(ङ) विद्यालयहरुले पेश गरेको प्रगति प्रतिवेदनहरू एकीकृत गरी गाउँपालिकास्तरीय प्रतिवेदन तयार गरी सम्वन्धित निकायहरूमा पेश गर्ने ।

(च) प्रधानाध्यापक बैठकमा दिवा खाजासँग सम्बन्धित विषयवस्तुहरूमा छलफल गर्ने गराउने

(छ) दिवा खाजा कार्यक्रमका सम्बन्धमा विद्यालयका प्र.अ., जनप्रतिनिधिहरुलाई अभिमुखिकरण तथा समिक्षा कार्यक्रम संचालन गर्ने

(ज) दिवा खाजा व्यवस्थापन कार्यमा संलग्न कर्मचारी तथा अन्य सरोकारवालहरू (भान्से, वि.व्य.स. र शिक्षक आदि को क्षमता विकास र यस कार्यक्रमको प्रभावकारिताका लागि सम्बन्धित निकायहरू (खाद्य तथा गुणस्तर नियन्त्रण विभाग, शिक्षाका लागि खाद्य परियोजना, विश्व खाद्य कार्यक्रम आदि) तथा अन्य विकास साझेदारहरूसँग समन्वय र सहकार्य गर्ने ।

(झ) दिवाखाजा कार्यक्रम संग सम्बन्धित विषयगत शाखाहरुसंग आवश्यक समन्वय गर्ने ।

१८. दिवा खाजा कार्यक्रम कार्यान्वयनमा गाउँ शिक्षा समितिको कर्तव्य र अधिकार निम्नानुसार हुनेछ ।

(क) दिवा खाजाको विषयमा हुने बैठकमा आवश्यकतानुसार कृषि, पशु, महिला बालबालिका, स्वास्थ्य, सामाजिक विकास शाखाका प्रमुख लगायतका अन्य सरोकारवालाहरूलाई पनि आमन्त्रण गरी बहुक्षेत्रीय प्लेटफर्म तयार गरी आवश्यक सहयोग र सहकार्यका लागि पहल गर्ने ।

(ख) शिक्षा शाखाले पेश गरेको दिवा खाजा कार्यक्रमको वार्षिक कार्ययोजना र बजेटमा आवश्यक छलफल गरी अनुमोदन गर्ने र कार्यपालिकामा स्वीकृतिका लागि पहल तथा समन्वय गर्ने ।

(ग) दिवा खाजालाई स्थानीय स्तरको उत्पादनमा आधारित बनाउन कृषि विकास तथा पशु सेवा शाखाको सहयोगमा सहकारीहरु, कृषक समूहहरुलाई आवश्यक प्राविधिक तथा अन्य सहयोग गर्ने ।

(घ) दिवा खाजा कार्यक्रममा अन्य सरकारी तथा गैरसरकारी को समेत भूमिका पहिचान गरी प्राविधिक, आर्थिक तथा अन्य सहयोग वा सहकार्यका लागि पहल गर्ने ।

(ङ) दिवा खाजा कार्यक्रमको प्रभावकारिताका लागि आवश्यक नीति, नियम, योजना तथा कार्यक्रमहरूको मस्यौदा तयार गरी स्वीकृतिका लागि कार्यपालिकामा पेश गर्ने

(च) गाँउपालिकाभित्रका सबै विद्यालयहरूको नियमित अनुगमन सुपरीवेक्षण गरी गराइ आवश्यक सुझाव र निर्देशनहरू दिने ।

१९. दिवा खाजा कार्यक्रम कार्यान्वयनमा स्थानीय सरकारको रुपमा गाउँ कार्यपालिकाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) गाउँ शिक्षा समिति बाट पेश भएका नीति, नियम, योजना तथा कार्यक्रमहरुको मस्यौदा माथि छलफल गरी आवश्यक परिमार्जन सहित स्विकृत गर्ने ।

(ख) शिक्षा शाखाबाट प्रस्तुत भएको दिवा खाजाको वार्षिक कार्ययोजना र बजेट आदि स्वीकृत गर्ने ।

(घ) दिवा खाजा व्यवस्थापनलाई प्रभावकारी बनाउन थप कर्मचारी व्यवस्था गरी खटाउने

(ङ) दिवा खाजा व्यवस्थापनका लागि आवश्यक पूर्वाधारहरू विकास गर्ने सरकारी, गैर सरकारी संस्था, निजी क्षेत्र विकास साझेदारहरूसँग समन्वय र सहकार्य गर्ने गराउने ।

(च) दिवा खाजाको विस्तार तथा गुणस्तर सुधारका लागि संघ र प्रदेश सरकार संग सहयोगका लागि आवश्यक पहल गर्ने

(छ) गाउँपालिकाभित्रका सबै विद्यालयहरूको नियमित अनुगमन सुपरीवेक्षण गरी गराइ आवश्यक सुझाव र निर्देशनहरू दिने ।

२०. विद्यालयमा दिवा खाजा व्यवस्थापनका लागि नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह र सहयोगी संस्था र अभिभावकहरूसँग समन्वय सहकार्य र साझेदारी गरिने छ ।

२१. दिवा खाजा व्यवस्थापनका लागि स्थानीय सहकारी, आमा समूह,  कृषक समुह, नीजि क्षेत्र, सहयोगी संस्था तथा अभिभावकहरु संग आवश्यक सहकार्य गरिने छ ।

२२. दिवा खाजामा पत्रु खाजा बन्देज :

बजारका तयारी अवस्थामा रहेका चाउचाउ, बिस्कट, चट्पटे लेज, कुरमुरे जस्ता तयारी खाद्य सामग्री (Junk food) को प्रयोगलाई पूर्ण रुपमा निषेध  गर्नु पर्नेछ । कुनै सामुदायिक विद्यालयहरुले त्यस्ता खाद्य सामग्रीहरु उपलब्ध गराएको अनुगमनको क्रममा फेला परेको खण्डमा दिवा खाजाको रकम निकाशा गरिनेछैन ।

२३. यस कार्यविधि आवश्यकता अनुसार संशोधन, परिमार्जन गर्नुपर्ने खण्डमा कार्यपालिकाको बैठकले गर्न सक्नेछ । विद्यालय दिवा खाजा व्यवस्थापनसंग सम्बन्धित सबै व्यवस्थापन यसै कार्यविधि अनुसार र यस कार्यविधिमा उल्लेख नभएको खण्डमा प्रचलित नियम कानुन अनुसार हुनेछ ।

अनुसूची १

भोटेकोशी गाउँपालिका

**दिवा खाजा रकम निकाशा माग फारम**

२०८०..........महिना

विद्यालयको नाम:

ठेगाना:

खाता नं

सम्पर्क नं                                                        मिति:

| क.सं | कक्षा | विद्यार्थी भर्ना संख्या | हाजिरी दिन | | जम्मा दिन | दर | जम्मा रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | विद्यालय खुलेको दिन | हाजिरी जना | | | | |
| | बाल विकास | | | | | | | |
| | १ | | | | | | | |
| | २ | | | | | | | |
| | ३ | | | | | | | |
| | ४ | | | | | | | |
| | ५ | | | | | | | |
| | ६ | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | जम्मा | | | | | | | |

तयार गर्ने                    रुजु गर्ने                    प्रमाणित गर्ने

प्राधानाध्यापक                    वि.व्य.स. अध्यक्ष

अनुसूची २

## सामग्री खरिदका लागि आवश्यक खरिद योजना

विद्यालयको नामः ठेगानाः

मितिः

खाद्य सामग्रीको परिमाण र लागत अनुमान (वार्षिक रुपमा तयार गर्नेपर्ने )

| निर्धारित खाद्य टोकरी परिकार | वर्षमा खाजा उपभोग हुने परिमाण दिन | खाजा परिमाणको दर | जम्मा विद्यार्थि भर्ना | आवश्यक पर्ने सामग्रीको परिमाण | बचत मौज्दात र सामग्रीको परिमाण | खरिद गर्नुपर्ने सामग्रीको परिमाण | खरिद गर्नुपर्ने सामग्रीको दर | अनुमानित जम्मा मुल्य | खाद्य सामग्रीको गुणस्तर |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

तयार गर्ने रुजु गर्ने प्रमाणित गर्ने

अनुसूची ३

## दिवा खाजाका लागि खाद्य सामग्री आपूर्तिका लागि आपूर्तिकर्ता र विद्यालयबिच भएको सम्झौता पत्रको नमुना

विद्यालय: वडा नं.........

आपूर्तिकर्ताको नामः ठेगानाः सम्पर्क नं.

तल उल्लिखित शर्तअनुसार तालिकाको बमोजिमका खाद्य सामग्रीहरू खरिद तथा आपूर्ति गर्न दुवै पक्ष मञ्जुर भई यो सम्झौता मितिः का दिन आपूर्ति कर्ताविच सम्पन्न भएको छ ।

शर्तहरूः १. आपूर्ति कर्ताले संग्लग्न विवरण अनुसारको नबिग्रीने खाद्यवस्तु मासिक रुपमा र बिग्रने सामग्रीहरू विद्यालयमा खाजा खुवाउने दिन बिहान मात्र सामग्री विद्यालयमा तोकिएको कर्मचारीलाई माग बमोजिमको खाद्य सामग्री उपलब्ध गराउनु पर्नेछ ।

२. विद्यालयले आपूर्ति कर्तालाई मासिक / चौमासिक रुपमा बैंक मार्फत भुक्तानी गर्नेछ ।

३. तोकिएको समयमा ५०% भन्दा बढी सामग्री वा तोकिएको गुणस्तर र परिमाणको सामग्री आपूर्ति नभएकोमा जुनसुकै समयमा सम्झौता रद्द गर्न सकिनेछ ।

४. गुणस्तरहीन सामग्रीले कुनै हानीनोक्सानी हुन गएमा आपूर्ति कर्ताले सोको क्षतिपूर्ति गर्नु पर्नेछ ।

५. कुनै पक्षले सम्झौता रद्द गर्न चाहेमा कम्तीमा एक महिना अगावै अर्को पक्षलाई लिखित जानकारी गराउनु पर्नेछ ।

**विद्यालयको पक्षबाट सम्झौता गर्नेको**

नामः

पदः

हस्ताक्षरः

**आपूर्तिकर्ताको पक्षबाट सम्झौता गर्नेको**

नामः

पदः

हस्ताक्षरः

**साक्षीको नाम र हस्तक्षर**

१.

२.

अनुसूची ४

## खरिद तथा आपूर्ति गरिने खाद्य सामग्रीहरू

| क.सं | खाद्य सामग्री | खाद्य सामग्रीको प्रकार | जम्मा परिमाण | एकाइ मुल्य दर | जम्मा मुल्य रु | आपुर्ति समय तालिका |
|---|---|---|---|---|---|---|
| अन्य | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| दाल तथा गेडागुडि | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| हरियो सागपात | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| तरकारी | | | | | | |
| | | | | | | |
| | | | | | | |
| जरा तथा कन्दमुल | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| फलफुल | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| मासु | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| अन्य विविध | | | | | | |
| | | | | | | |
| | | | | | | |

अनुसूची ५

विद्यालय दिवा खाजाको मेनु

**(विद्यालय दिवा खाजा व्यवस्थापन सहयोगी पुस्तिका २०७७ मा आधारित र प्र.अ.बैठकबाट निर्धारित)**

| **क.सं** | **बार** | **परिकार** | **मात्रा** | **कैफियत** |
|---|---|---|---|---|
| १ | आइतबार | पोषिलो जाउलो | कार्यविधिको बुंदा नं ५ मा र विद्यालय दिवा खाजा व्यवस्थापन सहयोगी पुस्तिका २०७७ अनुसार | |
| २ | सोमबार | चिउरा तरकारी, अण्डा करी | | |
| ३ | मंगलबार | फ्राइ राइस/मासु चिउरा | | |
| ४ | बुधबार | थेन्दुक | | |
| ५ | विहिबार | रोटी तरकारी | | |
| ६ | शुक्रबार | कोदो/मकैको हलुवा तरकारी | | |
| ७ | बिकल्प १ | खीर तरकारी | | |
| ८ | विकल्प २ | अण्डा चना | | |
| ९ | बिकल्प ३ | दालभात तरकारी | | |
| १० | विकल्प ४ | सातु चिया | | |
| ११ | बिकल्प ५ | फ्राइ राइस/फलफुल | | |
| १२ | विकल्प ६ | भुटेको भकै भटमास अचार | | |

नोटः माथि उल्लेखित मेनु को नमुना अनुसार गाउँपालिकाले प्र.अ. बैठक मार्फत आवश्यक परिमार्जन गरि कार्यान्वयन गर्न सक्नेछ ।

आज्ञाले

प्रमुख प्रशासकिय अधिकृत